**अनुसूची-२**

(दफा ४ तथा अनुसूची -१ को भाग-२ सँग सम्बन्धित)

**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड-९, संख्या-१, मिति - २०८२/०१/०५**

**भाग-२**

नेपालको संविधान बमोजिम मोदी गाउँ कार्यपालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## एम्बुलेन्स सेवा संचालन कार्यविधि, २०८२

**<u>प्रस्तावनाः</u>**

मोदी गाउँपालिकाको क्षेत्रभित्रका जनताहरूलाई आपतकालिन, जटिल प्रकृतिका स्वास्थ्य सेवा तथा विशेषज्ञ सेवाको लागि जिल्ला सदरमुकाम वा नजिकका अस्पतालहरूमा जानुपर्ने आवश्यकतालाई सम्बोधन गर्न तथा सुविधा सम्पन्न एम्बुलेन्स सेवा सञ्चालन गरी आम नागरिकलाई सहज, सरल र भरपर्दो सेवा प्रदान गर्न बाञ्छनिय भएकाले मोदी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७४ को दफा (३९) ले दिएको अधिकार प्राप्त गरी मोदी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "एम्बुलेन्स सेवा संचालन कार्यविधि, २०८२" रहेको छ ।

(२) प्रारम्भ: यो कार्यविधि मोदी गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखी लागू हुनेछ ।

**२. परिभाषा र व्याख्या** : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “स्वास्थ्य शाखा” भन्नाले मोदी गाउँपालिकाको स्वास्थ्य शाखालाई सम्झनु पर्छ ।

(ख) “एम्बुलेन्स” भन्नाले बिरामी ओसार्ने स्विकृती प्राप्त गरेको बाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, सामाग्री, साइरन, जिपिएस जडान (GPS) उपकरण भएको, तालिम प्राप्त चालक र आकस्मिक चिकित्सकिय प्राविधिक (EMT) भएको वाहनलाई जनाउछ ।

(ग) “सेवाग्राही” भन्नाले एम्बुलेन्स सेवा आवश्यक भएको व्यक्तिलाई सम्झनु पर्छ ।

(घ) "सवारी चालक” भन्नाले सवारी चालक अनुमति पत्र प्राप्त भएको र एम्बुलेन्स चलाउन तालिम लिएको नेपाली नागरिक सम्झनु पर्दछ ।

(ङ) "आकस्मिक चिकित्सकिय प्रविधिक (EMT= Emergency Medical Technician) ” भन्नाले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रद्धारा मान्यता प्राप्त आकस्मिक चिकित्सकिय प्राविधिक सम्बन्धित तालिम लिएका स्वास्थ्यकर्मिहरुलाई सम्झनु पर्छ ।

(च) "कार्यालय” भन्नाले मोदी गाउँ कार्यालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(छ) "गाउँपापलिका” भन्नाले मोदी गाउँपालिकालाई सम्झनु पर्छ

(ज) “आर्थिक ऐन” भन्नाले मोदी गाउँपालिकाको प्रचलित आर्थिक ऐनलाई सम्झनु पर्छ ।

(झ) “सेवा शुल्क” भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्रहीले बुझाउनु पर्ने गरी यस कार्यविधि एवं मोदी गाउँपालिकाको प्रचलित आर्थिक ऐनमा उल्लेखित सेवा शुल्क सम्झनु पर्छ ।

(ञ) “सेवा” भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

(ट) “समिति” भन्नाले दफा (३) बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।

(ठ) “GPS” (Global Positioning System) भन्नाले एम्बुलेन्समा जडित प्रणाली जसले एम्बुलेन्स रहेको स्थान, गति र समयको जानकारी दिने प्रणाली सम्झनु पर्छ ।

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति :** (१) एम्वुलेन्स सेवा सञ्चालनको व्यबस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक गाउ एम्वुलेन्स सेवा व्यबस्थापन तथा अनुगमन समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) एम्बुलेन्स सेवा संचालनको लागि प्रमुख प्रशासकिय अधिकृतले तोकेको फोकल अधिकृत — सदस्य सचिव

(२) समितिको बैठक आबश्यकता अनुसार बस्नेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यबस्था र कार्यबिधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको बैठकमा आबश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) एम्वुलेन्स सेवा पारदर्शी, सरल, भरपरर्दो र व्यबस्थित रुपमा सञ्चालन भए नभएको सम्बन्धमा अनुगमन गर्ने।

(ख) एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने । यस कार्यबिधि अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाइ सचेत गराउने र आचारसंहिता पालना गर्न लगाउने ।

(ग) एम्वुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा तत्काल सुनुवाई तथा व्यबस्थापन गर्ने ।

(घ) एम्वुलेन्स सेवा प्रयोग गरे वापत सेवाग्राहीले बुझाउनुपर्ने भाडा निर्धारण गर्ने ।

(ङ) एम्वुलेन्सको भाडादर प्रत्योक बर्ष पुनरावलोकन गर्ने ।

(च) एम्वुलेन्स चालकलाई पोषाक लागाएत आबश्यक सामाग्रीहरुको उपलब्ध गराउने ।

(छ) सरोकारवाला तथा अन्य संघ संस्थाहरु बिच आबश्यकता अनुसार एम्बुलेन्स सेवा सञ्चालनको प्रभावकारिता सम्बन्धमा अन्तक्रिया गर्ने ।

(ज) एम्बुलेन्स सेवालाई भरपर्दो र नागरिकमैत्री बनाउन आबश्यक व्यवस्था गर्ने ।

(झ) एम्वुलेन्स सेवा शुल्क वापतको रकम गाउँपालिकाको संचित कोषमा दाखिला भए नभएको सम्बन्धमा अनुगमन, सुपरिवेक्षण एवं नियमन गर्ने।

(ञ) सेवा शुल्कमा परिमार्जन गर्नुपरेमा कार्यपालिकामा सिफारिस गर्ने ।

(ट) एम्बुलेन्स सेवा प्रयोग गरेवापत तिर्नपर्ने सेवाशुल्कलाई प्रविधिमा आधारित बनाउने।

(ठ) एम्बुलेन्स सेवालाई राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८ बमोजीम सञ्चालन गर्ने गराउने ।

(२) समितिको सदस्य —सचिवले सेवा प्रवाह स्थितिको अध्यावधिक बिबरण मासिक रुपमा कार्यलयमा पेश गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन कार्यपालिकाबाट अनुमोदन गराउनुपर्नेछ ।

**५. एम्बुलेन्स सेवाको निशुल्क प्रयोग सम्बन्धी व्यबस्था** : (१) देहायको मापदण्ड पुरा गरेको अवस्थामा मात्र निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।

(क) यस गाउँपालिका मातहतका स्वास्थ्य चौकीमा नियमित गर्भजाँच गराइरहेका गर्भवति आमाहरुलाई स्वास्थ्य चौकी वा बर्थिङ सेन्टरमा प्रसुती गराउन नसकी अन्य अस्पतालमा प्रेषण गर्नुपर्ने भएमा ।

(ख) कुनै दुर्घटना, प्राकृतिक प्रकोप वा मानवीय कारणले घाइते भएका व्यक्तिहरूलाई तत्काल उद्धार गरी तुरुन्त अस्पताल पुर्याउनुपर्ने भएमा ।

(ग) नेपाल सरकार वा गण्डकी प्रदेश सरकार वा मोदी गाउँपालिकाले गरिब परिवार भनी पहिचान एवं परिचयपत्र प्रदान गरेका व्यक्ति वा निजको एकाघरको सदस्य बिरामी भई तुरुन्त अस्पताल पुर्याउनुपर्ने भएमा ।

(घ) जेष्ठ नागरिक परिचयपत्र प्राप्त ८० बर्षभन्दा माथिका जेष्ठ नागरिकहरुलाई तत्काल अस्पताल पुर्याउनुपर्ने भएमा ।

(ङ) गाउँपालिकाको स्वास्थ्य चौकी वा आधारभूत अस्पताल मा उपचार सम्भव नभई अर्को अस्पतालमा बिरामी प्रेषण गर्नुपर्ने भनी स्वास्थ्यकर्मिले सिफारिस गरेमा ।

(च) अभिभावक विहीन वा वेवारिसे अर्को व्यक्तिको संरक्षणमा रहेका बालबालिकाहरूलाई उपचारको लागि अस्पतालमा लैजानुपर्ने भएमा ।

(२) उपदफा (१) बमोजिमको निःशुल्क सेवा प्राप्त गर्न सम्वन्धित वडा कार्यालयको सिफारिस तथा जेष्ठ नागरिक र गरिब घरपरिवारको हकमा नेपाल सरकार वा गण्डकी प्रदेश सरकार वा मोदी गाउँपालिकाबाट जारी गरिएको परिचयपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । आपतकालीन अवस्था वा बिरामीको अवस्था जटिल रहेको अवस्थामा बिरामीलाई अस्पतालसम्म पुऱ्याए पश्चात तोकिएको कागजपत्रहरू पेश गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिमको कागजात पेश नभएमा एम्बुलेन्स सेवा प्रयोग गरेबापतको शुल्क सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि देहायको अवस्थामा निःशुल्क एम्बुलेन्स सेवा प्राप्त गर्न सकिने छैनः

(क) कुनै अस्पतालबाट सामान्य रुपमा डिस्चार्ज भई अन्य सवारी साधन प्रयोग गर्न सक्ने अवस्था रहेको भएमा ।

(ख) अस्पतालबाट डिस्चार्ज हुँदा अक्सिजनसहित लैजानुपर्ने भनी चिकित्सकले सिफारिस गरेको अवस्था नरहेमा वा बिरामी सामान्य अवस्थामा रहेको भएमा ।

(ग) बिरामी वा बिरामीको कुरुवाले घर फर्किने प्रयोजनको लागि एम्बुलेन्स सेवा माग गरेमा ।

(५) उपदफा (४) को अवस्थामा एम्बुलेन्स सेवाको प्रयोग गर्न चाहेमा तोकिएको शुल्क बुझाउनुपर्नेछ।

(६) वडा कार्यालयले निःशुल्क एम्बुलेन्स सेवाको लागि सिफारिस गर्दा यस दफाको प्रतिकूल हुने गरी सिफारिस गर्न पाउने छैन।

**६. एम्बुलेन्स सेवाको प्रयोग सम्बन्धी व्यवस्थाः** (१) कसैले एम्बुलेन्स सेवाको प्रयोग गर्नुपर्ने भएमा मोदी गाउँपालिकाको एम्बुलेन्स सेवाको हटलाइन नम्बर वा स्वास्थ्य शाखामा टेलिफोन सम्पर्क गर्नुपर्नेछ। साथै एम्बुलेन्स सेवाको मोबाइल एपमा गई आवश्यक विवरण भरि सम्पर्क गर्न सकिनेछ

(२) बिरामी वा बिरामीको आफन्त वा एकाघरको सदस्यले टेलिफोन वा मोबाइल एपमार्फत एम्बुलेन्स सेवाको लागि अनुरोध गरेमा एम्बुलेन्स तुरुन्त उक्त स्थानमा पुग्नुपर्नेछ। तर एम्बुलेन्स पुग्न नसक्ने कच्ची सडकमा एम्बुलेन्सलाई जर्वजस्ती पुग्न बाध्य पार्न पाइने छैन

(३) एम्बुलेन्स चालकले आफू कुनै स्थानमा जान लागेको सम्बन्धमा मोदी गाउँपालिकाको एम्बुलेन्स सञ्चालन फोकल अधिकृत लाई अनिवार्य रुपमा जानकारी गराउनुपर्नेछ।

(४) बिरामीलाई लिखित प्रेषणसहित तोकिएको अस्पतालमा यथाशिघ्र पुऱ्याउनुपर्ने छ तर बिरामीको ज्यान जोखिममा पर्ने गरी चालकदले आफुखुशी असम्बन्धित वा प्रेषण नगरिएको अस्पताल वा स्वास्थ्य संस्थामा लैजान पाइने छैन।

(५) बिरामीको साथमा अधिकतम दुईजनाभन्दा बढी कुरुवा वा सहयोगीलाई एम्बुलेन्समा राख्न पाइने छैन।

(६) एम्बुलेन्स गण्डकी प्रदेशको राजधानीभन्दा बाहिर लैजानुपर्ने भएमा अनिवार्य रूपमा प्रमुख प्रशासकीय अधिकृतबाट लिखित अनुमति लिनुपर्नेछ।

(७)  एम्बुलेन्सलाई फोकल अधिकृतले जिपीएस सिस्टमबाट नियमन र नियन्त्रण गर्नुपर्नेछ।
(८) एम्बुलेन्स चालकले बिरामीको विवरण अनिवार्य रूपमा अनुसूची (५) को ढाँचामा भर्नुपर्ने छ र बिरामीको विवरण साप्ताहिक रूपमा स्वास्थ्य शाखामा बुझाउनुपर्नेछ। मोबाइल एपबाट समेत विवरण प्रविष्ट गर्न सकिनेछ।

**७. एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता सम्बन्धि व्यबस्थाः** एम्बुलेन्स चालकले राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८ मा उल्लेखित आचार संहिताको अतिरिक्त अनुसुची (२) मा उल्लेखित आचार संहिताको पालना गर्नुपर्ने छ ।

**८. एम्बुलेन्स सेवा शुल्क भुक्तानी गर्ने विधिः** (१) एम्बुलेन्स प्रयोग गरेबापतको सेवा शुल्क नगदको रूपमा एम्बुलेन्स चालकलाई बुझाउन सकिनेछ वा बैंकमार्फत गाउँपालिकाको संचित कोषमा दाखिला गर्न सकिनेछ।
(२) बैंक स्मार्ट/मोबाइल एपबाट भुक्तानी गरेको रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा भए नभएको एकिन गर्न एम्बुलेन्स चालकले सोको स्क्रिनसट वा फोटो लिनुपर्नेछ।
(३) एम्बुलेन्स प्रयोग बापतको सेवा शुल्कबाट जम्मा भएको राजस्व रकम सोही दिन वा सोही दिन सम्भव नभएमा सोको भोलिपल्ट कार्यालय समयभित्र गाउँपालिकाको सञ्चित कोषमा दाखिला गरी बैंक भौचर राजस्व शाखामा बुझाउनुपर्नेछ।
(४) एम्बुलेन्स प्रयोग बापतको शुल्क अग्रिम रूपमा नबुझाई एम्बुलेन्स सेवा पाइने छैन।
(५) सम्बन्धित वडा कार्यालयको लिखित सिफारिस बिना मौखिक आदेशको भरमा एम्बुलेन्स सेवा उपलब्ध हुने छैन तर आपतकालिन अबस्थामा प्रमुख प्रशासकिय अधिकृतको अनुमती लिएर सेवाको उपयोग गर्न सकिनेछ ।

**९. एम्बुलेन्स चालक सम्बन्धी व्यवस्था :**(१) मोदी गाउँपालिकाले एम्बुलेन्स सेवालाई प्रभावकारी रूपमा सञ्चालन गर्न राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८ मा उल्लेख भए बमोजिमको योग्यता पुगेको एम्बुलेन्स चालक सेवा करारमा नियुक्ति गर्न सक्नेछ।
(२) एम्बुलेन्स चालक सेवा करारमा नियुक्ति गर्ने प्रक्रिया सम्बन्धमा सेवा करारमा कर्मचारी नियुक्ति सम्बन्धी प्रचलित ऐन कानुन बमोजिम हुनेछ।
(३) एम्बुलेन्स चालकले राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८ मा उल्लेखित आचारसंहिताको अतिरिक्त यस कार्यविधिको अनुसूची (२) मा उल्लेखित आचारसंहिताको अक्षरश पालना गर्नुपर्नेछ।
(४) उपदफा (३) बमोजिमको आचारसंहिता उल्लङ्घन गरेमा एम्बुलेन्स चालकलाई प्रमुख प्रशासकीय अधिकृतले २४ घण्टे लिखित स्पष्टिकरण सोधन सक्नेछ। लिखित स्पष्टिकरणको जवाफ मनासिव नदेखिएमा भविष्यमा सोही पदमा अयोग्य ठहरिने गरी जुनसुकै समयमा सेवाबाट बर्खास्त गर्न सक्नेछ ।
(५) एम्बुलेन्स चालकले अनुसूची (३) बमोजिमको पोशाक लगाउनुपर्नेछ।
(६) एम्बुलेन्स चालकले कार्यालयबाट प्रदान गरिएको इमर्जेन्सी सेवाको मोबाइल स्विच अफ गर्न पाउने छैन। मोबाइल अफ भएको सम्बन्धमा कुनै गुनासो वा उजुरी प्राप्त भएमा उपदफा (४) बमोजिमको कारबाही प्रक्रिया अगाडि बढाइनेछ। तर आफ्नो काबुभन्दा बाहिरको परिस्थिति आइपरेको खण्डमा सोको जानकारी स्वास्थ्य शाखाको एम्बुलेन्स फोकल अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतलाई यथाशीघ्र गराउनुपर्नेछ
(७) एम्बुलेन्स चालकले एम्बुलेन्सको समयसमयमा नियमित मर्मत सम्भार चेक जाँच गरी चुस्त दुरुस्त र सफा राख्नुपर्नेछ। एम्बुलेन्स नियमित मर्मत सम्भारको लागि ग्यारेजमा रहेको अवस्थामा सोको जानकारी सम्प्रेषणको लागि स्वास्थ्य शाखामा अनुरोध गर्नुपर्नेछ।

(८) एम्बुलेन्स चालकले एम्बुलेन्स तोकिएको केन्द्रमा तम्तयार अवस्थामा राख्नुपर्ने छ

(९) एम्बुलेन्स चालकले एम्बुलेन्समा जडान गरिएको जीपीएस उपकरण अफ गर्न पाउने छैन।

**१०. एम्बुलेन्स चालकको पारिश्रमिक तथा अन्य सेवा सुविधाहरू सम्बन्धी व्यवस्थाः** (१) एम्बुलेन्स चालकको पारिश्रमिक तथा अन्य सेवा सुविधाहरू सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ।

(२) उपदफा (१) मा उल्लेख भए बाहेकका सेवा सुविधा सम्बन्धमा प्रचलित ऐन कानुनमा उल्लेख भए बमोजिम हुनेछ।

**११. एम्बुलेन्स चालकलाई अतिरिक्त प्रोत्साहन भत्ता सम्बन्धी व्यवस्थाः** (१) एम्बुलेन्स चालकलाई प्रोत्साहन भत्ता स्वरुप प्रतिमहिना रु मासिक ५ (पाच) हजार र अस्पताल पुर्याए वापत प्रति पटक र २०० खाजा खाना बापत उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम अतिरिक्त भक्त प्रदान गर्ने प्रयोजनका लागि अनुसूची (६) बमोजिमको ढाँचामा राखिएको अभिलेखको मासिक विवरणलाई आधार मानिनेछ।

(३) उपदफा (२) बमोजिम अतिरिक्त भत्ता प्रयोजनको लागि मासिक विवरण प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई स्वास्थ्य शाखाबाट सिफारिस गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको अतिरिक्त भत्ता एम्बुलेन्स सेवाको मासिक आम्दानीबाट व्यहोर्नुपर्नेछ।

(५) गाउँपालिकाले चालकको रु २ (दुई) लाखको दुर्घटना विमा गरिदिनुपर्नेछ ।

**१२ . एम्बुलेन्स सेवाको मासिक आम्दानी र खर्च सम्बन्धी व्यवस्थाः** (१) एम्बुलेन्स सेवाको मासिक आम्दानी र खर्चको विवरण तोकिएको ढाँचामा स्वास्थ्य शाखाले तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई राजस्व प्रशासन शाखामा पेश गर्नुपर्नेछ ।

(२) एम्बुलेन्स सेवा प्रयोगबापतको सेवा शुल्क उठाउन बाँकी रहेको भएमा स्वास्थ्य शाखाले उक्त बक्यौता सम्बन्धित व्यक्ति वा निजको एका घरको सदस्यबाट प्रचलित कानुन बमोजिम राजस्व शाखासँगको समन्वयमा असुल गर्नुपर्ने छ

(३) एम्बुलेन्स सेवा प्रयोगबापत प्राप्त आम्दानीबाट एम्बुलेन्सको नियमित मर्मत सम्भार, चालकलाई पारिश्रमिक, चालकको दुर्घटना विमा तथा प्रोत्साहन भत्ता बाहेक अन्य शीर्षकमा खर्च गर्न पाइने छैन।

(४) उपदफा (३) मा उल्लेखित आम्दानीबाट एम्बुलेन्स सेवा सञ्चालनको लागि बजेट नपुग भएमा गाउँ कार्यपालिकाको निर्णय एवं गाउँसभाबाट अनुमोदन भएबमोजिम गाउँपालिकाको आन्तरिक स्रोतबाट खर्च बेहोर्ने गरी स्रोत सुनिश्चित गर्नुपर्नेछ ।

**१३. एम्बुलेन्स सेवा साझेदारीमा सञ्चालन गर्ने सम्बन्धी व्यवस्थाः** (१) एम्बुलेन्स सेवा सञ्चालनबाट प्राप्त आम्दानीले एम्बुलेन्स सेवा सञ्चालन गर्न आर्थिक रूपले सम्भव नभएमा वा गाउँपालिकाको आन्तरिक स्रोत अभाव भएमा सामुदायिक संघसंस्था, स्वास्थ्य संस्था, गैरसरकारी संस्था, निजी क्षेत्र तथा सहकारीसँग लागत साझेदारीमा एम्बुलेन्स सेवा सञ्चालन गर्न सकिनेछ

(२) साझेदारीमा एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी व्यवस्था गाउँपालिकाको लागत साझेदारी सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ।

(३) एम्बुलेन्स सेवा साझेदारीमा सञ्चालन गर्ने सम्बन्धमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित ऐन नियम बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

(४) यस दफामा माथि जुनसुकै कुरा उल्लेख भएको भए तापनि लागत साझेदारीमा एम्बुलेन्स सेवा सञ्चालन गर्दा लक्षित वर्गको सेवा प्राप्त गर्ने अधिकार र सेवाको गुणस्तर तथा एम्बुलेन्स चालकको सेवा सुविधामा प्रतिकुल असर पर्ने गरी लागत साझेदारी गर्न पाइने छैन।

**१४. एम्बुलेन्स सेवा विवरण सम्बन्धी व्यबस्थाः**_(१) एम्बुलेन्स चालकले एम्बुलेन्स सेवा प्रयोग गर्ने व्यक्तिको विवरण अनुसूची (६) बमोजिमको ढाँचामा तयार गरी साप्ताहिक रुपमा स्वास्थ्य शाखामा बुझाउनुपर्नेछ।

(२) स्वास्थ्य शाखाले एम्बुलेन्स सेवा प्रयोग गरेका बिरामीहरूको मासिक विवरण तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ।

(३) प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखाबाट प्राप्त मासिक विवरण मासिक रूपमा कार्यपालिकामा पेश गरी अनुमोदन गराउनुपर्नेछ।

**१५. एम्बुलेन्स सेवा शुल्क सम्बन्धी व्यबस्थाः** (१) बिरामीले एम्बुलेन्स सेवा उपयोग गरेबापतको शुल्क अनुसूची (१) मा उल्लेख भए बमोजिम हुनेछ।

(२) एम्बुलेन्स प्रयोग बापतको सेवा शुल्क सम्बन्धमा मोदी गाउँपालिकाको प्रचलित आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ आर्थिक ऐनमा सेवा शुल्कको दर हेरफेर भएको खण्डमा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी जानकारी गराइनेछ.

**१६.एम्बुलेन्स रहने स्थान तथा मर्मत सम्भार सम्बन्धी व्यबस्थाः** (१) एम्वुलेन्स मोदी गाउँपालिकाको कार्यलय वा स्वास्थ्य संस्था वा ६ नं वडा कार्यालयमा रहने छ ।

**१७.एम्वुलेन्स संचालन सम्बन्धी अन्य व्यबस्थाः** (१) एम्बुलेन्समा रहने न्युनतम सेवा सुबिधा तथा औषधीको बिबरण अनुसुची -५ बमोजिम हुनेछ ।

**१८. खारेजी र बचाउः** (१). एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि २०७९ खारेज गरिएको छ।

(२) एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धित कार्यविधि २०७९ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

(३) गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन गर्न सक्नेछ।

**अनुसूची- १**

कार्यविधिको दफा १५ को (२) संग सम्बन्धितः एम्बुलेन्स सेवा संचालन शुल्क

एम्बुलेन्स सेवा प्रयोग गरेवापतको सेवा शुल्कको विबरण

| देखि | सम्म | सेवा शुल्क दर रु | कैफियत |
|---|---|---|---|
| पातिचौर | कुश्मा | १००० | दुइ तर्फी सेवाको लागी सेवाशुल्क दोब्बर हुनेछ । |
| पातिचौर | बाग्लुङ | २००० | |
| पातिचौर | पोखरा | २५०० | |
| पातिचौर | काठमान्डौं | १०००० | |
| **गाउँपालिकाको केन्द्र देखी** | **वडा नं. १-८ को कार्यालयसम्म** | **दर रु** | |
| पातिचौर | भूक | २००० | |
| पातिचौर | देउपुर | १५०० | |
| पातिचौर | देउराली | २००० | |
| पातिचौर | क्यांङ | ३५०० | |
| पातिचौर | बाजुंङ | २०० | |
| पातिचौर | तिलाहार | ५०० | |
| पातिचौर | राम्जा | १५०० | |
| पातिचौर | चित्रे | २००० | |

## अनुसूची-२

कार्यविधिको दफा (७) को  संग सम्बन्धितः एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

(१) एम्बुलेन्स सञ्चालन कार्यविधि, २०८२ लाई पूर्णतः पालना गर्नुपर्ने

(२) आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनियता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

(३) मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

(४) विरामीको ओसारपोसार तथा उपचार गर्ने क्रममा विरामी तथा विरामीको परिवारलाई सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

(५) आफुले लिएको निर्णयहरुमा व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

(६) कुनै पनि विरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई सोही बमोजिम सुरक्षा उपाय अवलम्वन गर्नुपर्ने,

(७) बिरामीलाई बिच बाटोमा छाड्न नहुने वा आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने ।

(८) अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुन्याउनु पर्ने ।

(९) विरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने ।

(१०) नेपाल सरकारले प्रतिबन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने र प्रचलित कानूनको पालना गर्नुपर्ने ।

(११) सेवाग्रहीलाई विनम्र व्यबहार गर्नुपर्ने ।

## अनुसूची ३
## सपथको ढाँचा
कार्यविधिको दफा ७ को  संग सम्बन्धितः

म—————————— (नाम)——————————

ठेगाना——————————

ना.प्र.प्र नं ————————— जिल्ला ,ड्राईभिङ्ग लाईसेन्स नं————ले माथिको उल्लेखित आचारसंहिता अध्ययन गरेको छु ।——————————जिल्ला ———— सस्थाको एम्बुलेन्स चलाउदा मैले यो आचारसंहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

चालकको:

दस्तखतः

प्रमाणित गर्ने व्यक्तिको:

दस्तखतः

मितिः

नाम/पदः

संस्थाको छाप

# अनुसूची-४

## कार्यविधिको दफा ४ को (च) संग सम्बन्धित: एम्बुलेन्स चालकको पोषाक

| किसिम | रङ्ग | बिस्तृत | नमुनाको लागि मात्र |
|---|---|---|---|
| सर्ट/सेफ्टी/भेस्ट/फुल/ हाफ<br>ज्याकेट/रेनकोटको लागी<br>टोपी जोडिएको ज्याकेट | गाढा सुन्तला | ३ मि. को २ इन्च चौडाई भएको प्रतिबिम्बित टेप नमुनामा देखाएझै वरिपरि हुप ढाँचाको दुबै छातीतिर बटनवाला एक एक खल्ती, बायाँ खल्तीमा परिचयपत्र झुन्डाउन र एउटा कलम राख्न मिल्ने भाग,इलास्टिक हालेको हुनुपर्छ ,पोशाकको पछाडीको भागमा एम्बुलेन्स चालक लेखिएको हुनुपर्ने, गर्मि र जाडोमा लगाउन मिल्ने, बारम्बार धुन मिल्ने,बजारमा सजिलै पाउन सकिने कपडा |  |
| पाइन्ट | गाढा निलो | सामानहरू राख्न मिल्ने जम्मा ६ वटा खल्ती ( २ वटा पछाडि कार्गो- स्टाइलका खल्तीहरू २ वटा अगाडि र २ वटा घोडाभन्दा माथि दायाँ - बायाँतिरका कैची /अन्य चिज राख्न मिल्ने जिप्पर भएका कार्गो स्टाइलका खल्तीहरू )गर्मी जाडोमा लगाउन मिल्ने बारम्बार धुन मिल्ने बजारमा सजिलै पाउन सकिने कपडा |  |
| बेल्ट | कालो | छालाको ,साढे एक इन्च चौडाइ भएको ,बलियो बक्लेट भएको बेल्ट। |  |

| | | | |
|---|---|---|---|
| | | | |
| बुट | कालो वा अन्य | घाम, गर्मी र जाडोमा लगाउन मिल्ने ,पानिमा आरामदायी हुनुपर्दछ । सफा गर्न मिल्ने, निसंक्रमित गर्न सजिलो हुने, सजिलैसँग सुकाउन मिल्ने, वाटरप्रुफ बिरामीलाई बोकेर उकालो चढ्दा वा ओरालो झर्दा सजिलै हिँड्न मिल्ने नेपाली बजारमा सजिलै पाउन सकिने बुट | नेपाली बजारमा पाउन सकिने बुट |

# अनुसुची ५

(कार्यबिधिको दफा १७ को उपदफा (१) सँग सम्बन्धित) ख वर्गको (Common Life Support (CLS))
एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरण विबरण

| Emergency Equipment | | | | Other |
|---|---|---|---|---|
| 1 | Stethoscope | 12 | Manual suction set | Washing equipment |
| 2 | B.P Set | 13 | Cervical collars | Wheelchair and trolley |
| 3 | Torch Light | 14 | CPR board | Radio communication |
| 4 | Tongue Depressor | 15 | Oxygen supply | Two-way vidro consultation device |
| 5 | IV Drips | 16 | Automated external defibrillator (AED) | Mobile device with 4G connectivity |
| 6 | Cannula and Syringes | 17 | Delivery set | Walkie Talkie |
| 7 | ECG monitor and Oxygen monitor | 18 | Dressing set | Camera |
| 8 | Intubation set | 19 | Splints | GPS (Geographical positioning System |
| 9 | Various intubation tubes and laryngeal tubes | 20 | Catheterization sets | |
| 10 | Nebulizer set | 21 | Hemostatic sets | |
| 11 | Ambu bag | 22 | others | |

- Driver with basic training in first aid and emergent medicine.

## अनुसूची ६

(कार्यविधिको दफा १४ को उपदफा (१) सँग सम्बन्धित) सेवा ग्राहिको दैनिक/मासिक/बार्षिक अभिलेख फारम

**अस्पताल/संस्थाको नामः** **ठेगानाः** **एम्बुलेन्सको वर्गः** **गाडी नं.:**
**एम्बुलेन्स चालकको नामः** **सम्पर्कः** **सेवा विवरण अभिलेख बुझाएको मितिः**

**एम्बुलेन्स सेवा पाएका बिरामीको जम्मा संख्याः मासिक/बार्षिक**
मितिः ......................... देखि मितिः ...................... सम्म जम्माः ........................ जना (पुरुषः ........... र महिलाः ..................) लाई यस एम्बुलेन्सली सेवा प्रदान गर्यो ऽ

**एम्बुलेन्स सेवा पाएकाबिरामीहरूको बर्गिकरण र संख्याः**
(क) प्रेषण: ____ (महिला:...../पुरुष:....) (ख) दुर्घटना: ____ (महिला:...../पुरुष:....) (ग) लडेर/खसेर: ____ (महिला:...../पुरुष:....) (घ) आगोले पोलेर: ____ (महिला:...../पुरुष:....)
(ङ) आत्महत्या प्रयास: ____(महिला:...../पुरुष:....) (च) चट्याङ लागेर: ____ (महिला:...../पुरुष:....) (छ) पशुपंछीको आक्रमण: ____ (महिला:...../पुरुष:....) (ज) पानीमा डुबेर: ____ (महिला:...../पुरुष:....)
(झ) दिर्घ रोगी: ____ (महिला:...../पुरुष:....) (ञ) झैझगडा: ____ (महिला:...../पुरुष:....) (ट) अन्य: ____ (महिला:...../पुरुष:....)

| मिति | क्रसं. | बिरामीको विवरण | | | | | | बिरामीको आफन्तको विवरण | | | बिरामी एम्बुलेन्समा चढाएको | | बिरामी एम्बुलेन्सबाट ओरालेको/बुझाएको | | बिरामी बुझाउने | | | बिरामी बुझिलिने | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम | प्रदेश/ जिल्ला | ठेगाना | उमेर | लिङ्ग | बिरामीको निदान (diagnosis) | नाम | नाता | सम्पर्क नम्बर | स्थान | समय | अस्पताल | समय | नाम | सम्पर्क | हस्ताक्षर | नाम | सम्पर्क | हस्ताक्षर | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |

प्रतिवेदन बुझाउनेको:
नामः
दस्तखतः
मितिः
दर्जाः
छापः

Activate Window
Go to Settings to activa

**आज्ञाले**
**बाबुराम पुरी**
**प्रमूख प्रशासकीय अधिकृत**